नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)
बबरमहल, काठमाण्डौं

फोन नं: ४२५९३१३
४२६९६१४
४२२१४३७
४२५१६९५

पत्र संख्या: २०७८/७९
चलानी नं: ३५७

मिति : २०७८/०७/०२

श्री आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), सबै ।
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), सबै ।

विषय : समय सीमा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको २०औं बैठकको निर्णय नं. १.६ अनुसार *'२०७८ मंसीर मसान्त सम्म पुनर्निर्माण, प्रवलीकरण वा मर्मत सम्भार नगर्ने वा गर्न नचाहने नीजि आवासका सबै लाभग्राहीहरुको नाम लाभग्राही सूचीबाट हटाउने'* भनी निर्णय भएको व्यहोरा अवगतै छ । तसर्थ २०७८ मंसीर मसान्त भित्र सम्पूर्ण पुनर्निर्माण र प्रबलीकरण लाभग्राहीहरुको निर्माण कार्य सम्पन्न गर्न गराउन हुन तथा प्रबलिकरण बर्गमा रहेका तर मर्मत सम्भार बर्गमा परिवर्तन हुन चाहने लाभग्राहीहरुलाई समेत संलग्न प्राविधिक निरीक्षण कार्यविधिको अनुसूची ६.९ तथा १९ अनुसार मर्मत-सम्भार बर्गमा परिवर्तन गरी २०७८ मंसीर मसान्त भित्रै फरफारक गर्ने गरि आवश्यक कारबाही अगाडी बढाउन हुन अनुरोध छ ।

यसै सम्बन्धमा २०७८ मंसीर मसान्त भित्र निजी आवास पुनर्निर्माण (पुनर्निर्माण, प्रवलीकरण वा मर्मत सम्भार) सम्पन्न गरिसक्नु पर्ने अन्यथा लाभग्राहीहरुको नाम लाभग्राही सूचीबाट हटाउने सम्बन्धि सुचना सम्पूर्ण स्थानीय तह (पालिका तथा वडा कार्यालय) को सूचना पाटीमा टाँस गरी सम्पूर्ण लाभग्राहीलाई सुचित गर्न / गराउन हुन समेत निर्णय अनुसार अनुरोध छ ।

झप्पर सिंह विश्वकर्मा
आयोजना उप-निर्देशक

बोधार्थ;
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाण्डौं ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल काठमाण्डौं ।